नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

**कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र**

## कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र

नक्टाझिज, धनुषा

## पुराना बेकम्मा सम्पत्ति तथा मालसामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

सुचना प्रकाशित मितिः २०८२/०२/२७ (गोरखापत्र राष्ट्रिय दैनिक तथा www.bolpatra.gov.np)

**सुचना नं. – AMPC/2081/82/LILAM**

यस केन्द्रको गोदाम तथा गोदाम परिसरमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएको पुराना बेकम्मा सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले ईच्छुक फर्म / कम्पनी / व्यक्तिबाट उल्लेखित शर्तहरुको अधिनमा रहि बोलपत्र आव्हानका गरिएको छ ।

**शर्तहरुः**

१) बोलपत्र e-GP मार्फत वा कार्यालयबाट बोलपत्र फारम (हार्डकपि) खरिद गरी नियमानुसार कुनै एक माध्ययमबाट पेश गर्न सकिने छ। ईच्छुक फर्म /कम्पनिको हकमा फर्म दर्ताको प्रमाण-पत्र, प्यान दर्ताको प्रमाण-पत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण-पत्र र व्यक्तीको हकमा प्यान नं. (PAN No.) र नेपाली नागरिकताको प्रतिलिपि सहितको कागजात पेश गर्नु पर्नेछ।

२) बोलपत्र फारम दस्तुर रु. २०००।– (दुई हजार) पछि फिर्ता नहुने गरी तिरी यस केन्द्र तथा कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषा, जनकपुरधाम दुवै ठाउँबाट खरिद गर्न सकिने छ। e-GP मार्फत बोलपत्र पेश गर्न ईच्छुक बोलपत्रदाताले बोलपत्र सम्बन्धि कागजात www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी प्राप्त गर्न सक्ने छन्। e-GP मार्फत बोलपत्र पेश गर्दा बोलपत्र फारम दस्तुर वापतको रकम राष्ट्रिय बाणिज्य बैंक, जनकपुरधाममा रहेको यस केन्द्रको कार्यालय कोड नं. ३१२०११७०१ को राजश्व शिर्षक नं. १४२२९ मा दाखिला गरेको बैंक भौचर बोलपत्र साथ Upload गर्नु पर्नेछ।

३) सुचना प्रकाशन भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गरि २२ औं दिनको १२.०० बजे भित्र e-GP मार्फत वा यस केन्द्र वा कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषा, जनकपुरधाम मध्ये कुनै एक ठाउँमा दर्ता गरिसक्नु पर्नेछ।

केन्द्र प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र

# कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र

नक्टाझिज, धनुषा

केन्द्र प्रमुख

४) बोलपत्र साथ बोलपत्रदाता आफूले कबोल गरेको कुल अंकको १० प्रतिशतले हुन आउने रकम यस केन्द्रको कार्यालय कोड नं. ३१२०११७०१ राष्ट्रिय बणिज्य बैंक लि. जनकपुर स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषाको धरौटी खाता नं. १२२०१००१०२०३०००० मा जम्मा गरेको सक्कल भौचर वा राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट यस केन्द्रको नाममा जारी भएको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत पेश गर्नु पर्नेछ।

५) कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेको अवस्थामा अक्षरमा उल्लेख भएकोलाई मान्यता दिईनेछ। केरमेट भएको स्थानमा थप सहि गरेको हुनु पर्नेछ।

६) दर्ता भएका बोलपत्रहरु २२ औं दिनको १४:०० बजे बोलपत्र दाता वा निजको अख्तियार प्राप्त प्रतिनिधिहरुको रोहवरमा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्रमा खोलिने छ। बोलपत्र खोल्ने समयमा बोलपत्र दाताहरु अनुपस्थित रहेमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

७) एउटा फर्म/व्यक्तिको नाममा खरिद भएको बोलपत्र अर्को फर्म/व्यक्तिको नाममा दाखिला गर्न पाईने छैन।

८) लिलाम हुने सामान हेर्न ईच्छुक बोलपत्र दाताले कार्यालय समयमा सम्पर्क राखि स्थलगत रुपमा हेर्न, निरिक्षण गर्न सकिनेछ। लिलाम गरिने सामानहरु जे जस्तो अवस्थामा छन सोहि अवस्थामा नै सकार गर्नु पर्नेछ।

९) प्रस्तुत लिलामी मालसामानहरुको न्यूनतम रकम (भ्याट बाहेक) रु. ८४,७७,२९२/५० अक्षेरुपिः चौरासि लाख सतहत्तर हजार दुई सय बयानब्बे रुपैयाँ पचास पैसा मात्र रहेको छ।

१०) बोलपत्रहरु खोल्ने समयमा e-GP मार्फत दर्ता गरिएका बोलपत्रहरु Submit भएको नदेखिएमा वा आंशिक रुपमा मात्र Upload भएमा वा अपलोड भएका फाइलहरु Unreadable/Corrupted भएमा कार्यालय जवाफदेहि हुने छैन। बोलपत्रदाता स्वंयले आफ्नो बोलपत्र पूर्णरुपमा Submit भए / नभएको एकिन गर्नु पर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग

## कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र

## कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र

नक्टाझिज, धनुषा

११) रित नपुगि पेश हुन आएका बोलपत्र उपर कुनै कारवाही हुने छैन। बोलपत्र स्विकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहने छ।

१२)बोलपत्र स्विकृत भएको १५ दिन भित्र कबोल रकम दाखिला गरी सामान उठाई लैजानु पर्नेछ। अन्यथा बोलपत्र रद्ध गरी धरौटि जफत गरिनेछ।

१३) अन्य कुराहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ र प्रचलित नियम कानुन अनुसार हुनेछ।

केन्द्र प्रमुख